नेपाल सरकार

# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

प. स.: ०८२/८३
च.नं :

मिति : २०८२/०९/३०

## शुभकामना सन्देश

**आदिवासी थारू, मगर, कुमाल समुदायले मनाउने *माघेसक्रान्ति/माघी*, नेवार समुदायको *ध्यः चाकू*, छन्त्याल समुदायको *म्हिलाङे सोङ्ती*, याक्थुङ (लिम्बू) समुदायको *कक्फेक्वा तङनाम* तथा भूजेल समुदायको *घ्या* लगायतको पर्वको पावन अवसरमा सम्पूर्ण सम्बन्धित आदिवासी जनजाति समुदायप्रति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।**

**यी पर्वहरू प्रकृति, कृषि, ऋतु परिवर्तन, सामाजिक सद्भाव, पारिवारिक एकता तथा सांस्कृतिक निरन्तरतासँग गहिरो रूपमा जोडिएका मौलिक परम्परा र पहिचानका जीवन्त प्रतीक हुन् । यस्ता सांस्कृतिक चाडपर्वहरूले आदिवासी जनजाति समुदायको ऐतिहासिक चेतना, सामूहिक भावना, सहअस्तित्व र आपसी सम्मानलाई थप सुदृढ बनाउँदै आएको छ ।**

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान संविधानप्रदत्त हक-अधिकारको संरक्षण, प्रवर्द्धन तथा आदिवासी जनजातिको भाषा, संस्कृति, ज्ञान प्रणाली र परम्परागत मूल्य-मान्यताको जगेर्नाका लागि सदैव प्रतिबद्ध रहेको स्पष्ट पार्दछ ।**

**यी पर्वहरूको अवसरले सम्पूर्ण नेपाली समाजमा आपसी सद्भाव, सामाजिक न्याय, समानता, समावेशिता तथा राष्ट्रिय एकतालाई अझ सुदृढ बनाउन प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दै, सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभेच्छा व्यक्त गर्दछु ।**

**जय आदिवासी जनजाति संस्कृति ।**

**(रेसम गुरूङ)**

**उपाध्यक्ष**